नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

प.सं. :- ०८०/८१
च.नं. :- २६५

मिति :- २०८०/१०/२३

**विषयः २०८० साल फागुन महिनाको लागि लोककल्याणकारी विज्ञापन पठाइएको।**

श्री सम्पादकज्यू/प्रकाशकज्यू
२०७७/७८ को वर्गीकरणमा परेका पत्रपत्रिकाहरु

विज्ञापन (नियमन गर्ने)ऐन, २०७६ को दफा ३२ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ बमोजिम छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि आ.व.२०७७/७८ को वर्गीकरणमा परेका पत्रपत्रिकाले २०८० साल फागुन महिनामा संलग्न बमोजिमका विज्ञापन प्रकाशनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ। बोर्डबाट उपलव्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा देहायबमोजिम गर्नु गराउनुहुन समेत अनुरोध छ। सो बमोजिम नभएमा लोककल्याणकारी विज्ञापन प्रकाशनबापतको रकम भुक्तानी नहुने व्यहोरा समेत अनुरोध छ।

तपसिलः

१. पत्रसाथ उपलव्ध गराइएका विज्ञापनहरु २०८० साल फागुन महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशन गर्नु हुन।

२. विज्ञापन प्रकाशन गर्दा फरक अंकमा नदोहराइकन फरक फरक विज्ञापन प्रकाशन गर्नुहुन अर्थात महिना भरीमा एउटा विज्ञापन एक पटक मात्र प्रकाशन गर्नुहुन।

३. फागुन महिनाको विज्ञापन प्रकाशन गरेपछि विज्ञापन प्रकाशन गरिएका पत्रपत्रिका र बील फागुन महिनामा नै वा चैत्र महिनाको ७ गतेभित्र अनिवार्यरुपमा बोर्ड/हुलाक निर्देशनालय/कार्यालयमा पेश गर्नुहुन।

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dinesh luitel
dinlui311@gmail.com

.............................................
(दिनेश लुईटेल)
शाखा अधिकृत

बोधार्थः
- श्री हुलाक निर्देशनालय, मोरङ,कास्की,सुर्खेत,डोटी।
- श्री जिल्ला हुलाक कार्यालय, सबै।



CamScanner

# सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# वैदेशिक रोजगारीमा जाँदा कामदार भिसामा मात्र जाऔं

- भिजिट वा अन्य भिसामा वैदेशिक रोजगारमा नजाऔं,
- कामदार भिसाबाहेकका अन्य भिसामा कसैले वैदेशिक रोजगारमा लाने प्रलोभन ठगीको नियतले हुनसक्छ,
- ठगहरुले प्रलोभनमा पारी कामदार भिसाबाहेकका अन्य भिसामासमेत वैदेशिक रोजगारीमा लान सक्छन्,
- त्यसैले आफ्नो भिसा यकिन गरेरमात्र वैदेशिक रोजगारमा जाऔं,

**वैदेशिक रोजगारलाई सुरक्षित बनाऔं।**

नेपाल सरकार

विज्ञापन बोर्ड

# वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनीमार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं,
- श्रम स्वीकृतीको अवधि सकिएपछी अनिवार्य स्वदेश फर्किऔं,
- पुनः जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# वैदेशिक रोजगारमा जाँदा कागजातको प्रतिलिपि घर-परिवारमा छोडौं

वैदेशिक रोजगारमा जाँदा निम्न कागजातको प्रतिलिपि घरमा छोडौं

- पासपोर्ट र नागरिकता,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृती,
- स्वास्थ्य परीक्षण गराएको निरोगिताको प्रमाणपत्र,
- अभिमुखीकरण लिएको प्रमाणपत्र,
- म्यानपावर संस्थालाई तिरेको रकमको भर्पाई,
- रोजगारदातासँग गरेको करार सम्झौता,
- बीमा गराएको कागजात,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाण,
- आफूले विदेशमा रही काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,
- आफूलाई महत्वपूर्ण लागेका अन्य कागजातहरु।

यस्ता कागजातले वैदेशिक रोजगारमा केही समस्या तथा कठिनाई भएमा समाधान गर्न सजिलो हुन्छ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# वैदेशिक रोजगारमा पुगेपछि ध्यान दिनुपर्ने कुराहरु

- आफू गएको देशको भाषा, संस्कृति र धर्मको सम्मान गरौं।
- स्वास्थ्य समस्या तथा दुर्घटनाको जोखिमबाट बच्न क्षमताभन्दा बढी काम नगरौं,
- काम गर्ने देशको ट्राफिक नियमको पालना गरौं,
- काम गर्ने देशका प्रचलन र कानूनको पालना गरौं,
- लहैलहैमा लागेर बन्द, हड्तालजस्ता क्रियाकलापमा सरिक नहोऔं,
- काम गर्ने मुलुकको कानूनले लैजान, खान र बिक्री गर्न नपाइने वस्तुका विषयमा जानकारी राखौं,

**याद राखौः**

- आफखुसी काम छाड्दा वा कम्पनीबाट भाग्दा अवैधानिक र असुरक्षित भई सजायको भागिदार हुने तथा पाउनुपर्ने सेवा, सुविधा र अधिकारबाट बञ्चित हुने भएकोले त्यस्ता कार्य नगरौं।

कुनै समस्या परे नजिकको नेपाली दूतावास, सरकारी निकाय, संघ/संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# भिजिट तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा आवश्यक पर्ने कागजातहरु

अनुमति प्राप्त मुलुकहरुमा पर्यटकको रुपमा जाँदा भिजिट तथा पर्यटक भिसामा देहायका कागजात आवश्यक पर्दछः

- कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी,
- सम्बन्धित देशको प्रवेषाज्ञा(Visa),
- दुईतर्फी हवाई टिकट,
- भ्रमण अवधिभरको होटल बुकिङ वा आफन्तसँग बस्ने भए एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने प्रमाण,
- भ्रमण खर्च व्यहोर्ने संस्थाको निमन्त्रणा पत्र वा कम्तीमा ५०० अमेरिकी डलर बराबरको नगद सटहीको प्रमाण,

नेपाल सरकार
विज्ञापन बोर्ड

# रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं

- तपाईं हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं

आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रजातन्त्र दिवस भव्यरुपमा मनाऔं

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्वपूर्ण हुन्छ।
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो।
- मेलमिलाप र शान्तिबाटै प्रजातन्त्र अघि बढाउन सकिन्छ।

त्यसैले,

प्रजातान्त्रिक आचरण, सँस्कार र व्यवहारको अवलम्बन गरौं।

७४ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# प्रजातन्त्रका आधारभूत पक्षहरु

- संवैधानिक सर्वोच्चता
- बहुलवादको सम्मान
- विधिको शासन
- शक्ति पृथकीकरण
- आवधिक निर्वाचन
- मौलिक हक
- मानवअधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले,

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# मोवाइलको लतबाट बालबालिकालाई बचाऔं

- मोवाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझँने समस्या देखिन सक्छ,
- मोवाइलको लतले बालबालिकाको मानसिक तथा शारिरीक विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ,

त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# सवारी साधन व्यवस्थापनका लागि अनुरोध

- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दुरीका बसहरु गोंगबुस्थित नयाँ बासपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्ण रुपले पालना गरौं।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रुबाहक सवारी साधन रोक्ने, यात्रु चढ्ने र ओर्लने गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड